
ネパール語

かわごえ　せいかつ

# 川越 生活 ガイド

# कावागोए जीवनयापन गाइड



कावागोए नगरको मस्कट टोकिमो

कावागोए नगर आधिकारिक होमपेज

जीवन अभिमुखीकरणका लागि भिडियोहरू


1. नगरपालिकामा गरिने कामकुरा
2. आपतकालीन र विपद्
3. परामर्श काउन्टर र जापानी भाषा  कक्षा
4. बच्चा हुर्काउने र शिक्षा
5. फोहर मैला・यातायात
6. सामुदायिक गतिविधिहरू
7. कावागोएको प्रख्यात ठाउँ



प्रकाशन : कावागोए नगर अन्तर्राष्ट्रिय सांस्कृतिक विनिमय विभाग
फेब्रुअरी २०२५

यो पुस्तिका अन्तर्राष्ट्रिय सम्बन्धका लागि स्थानीय सरकार संघको सहयोगमा प्रकाशित गरिएको हो।

CLAIR 一般財団法人 自治体国際化協会



नगरपालिकामा गरिने कामकुरा 1

आपतकालीन र विपद् 2

परामर्श काउन्टर र जापानी भाषा कक्षा 3

बच्चा हुर्काउने र शिक्षा 4

फोहर मैला र यातायात 5

सामुदायिक गतिविधिहरू 6

कावागोएको प्रख्यात ठाउँ 7

# नगरपालिकामा गरिने कामकुरा
# Procedures at City Hall


## नगरपालिका कर

नगरपालिका कर तपाई बसबास गरेको नगरपालिका लाई तिरिने कर हो।
यो कर कावागोए नगरको सार्वजनिक सेवा (फोहोरमैला संकलन,सडक मर्मत सम्भार ,पुस्तकालय आदि) का लागि प्रयोग गरिनेछ।

नगर कर विभाग
049-224-5640

करको नोटिस कोठामा आयो भने बैंक,कन्भिनियन्स स्टोर,नगरपालिकामा समयावधिभित्र तिर्नुहोस्।

स्मार्टफोन वा क्रेडिट कार्डबाट पनि कर तिर्न सक्नुहुन्छ।



## स्वास्थ्य बीमा

जापानमा बसोबास गर्नेहरू स्वास्थ्य बीमामा सामेल हुन्छन्।

स्वास्थ्य बीमामा सामेल हुँदा बिरामी पर्दा चोटपटक हुँदा अस्पतालमा तिर्ने पैसा कम हुनेछ।

राष्ट्रिय स्वास्थ्य बीमा विभाग
049-224-5833

## पेन्सन

पेन्सन भनेको तपाईंले बुढेसकालमा वा बिरामी वा चोटपटकका कारण काम गर्न नसक्ने अवस्थामा प्राप्त हुने पैसा हो।
तपाईंले 20 देखि 60 उमेर सम्म बीमा प्रिमियम तिर्नुपर्छ।

सिमिनका
049-224-5764

## बसाइ सरि जाने

कावागोए नगर बाट बसाइ सरि जाँदा बसाइ सराइ सूचना पेश गर्नुहोस्।
माई नम्बर कार्ड प्रयोग गरेर पेश गर्न सक्नुहुन्छ।

सिमिनका
049-224-5742

## माई नम्बर कार्ड

माई नम्बर कार्ड आधिकारिक पहिचान प्रमाणीकरण कागजत हो।
स्वास्थ्य बीमा कार्डको रूपमा पनि काम गर्छ।
यो कार्ड पाउनका लागि निबेधन दिनुपर्छ।

सिमिनका
049-224-6178

# आपतकलिन र विपद्
# Emergency and Disaster

## आपतकालीन कल

### आगलागी・आकस्मिक बिरामी・ठुलो चोटपटक

**119**

**कसरी कल गर्ने**



①「काजी देसु(आगलागी)」「किनक्यू देसु(आकस्मिक)」
② तपाईं कहाँ हुनुहुन्छ भन्नुहोस् ।
③ आफ्नो नाम र फोन नम्बर भन्नुहोस्।



### अपराधिक घटना ・दुर्घटना

**110**

**कस्तो अवस्थामा कल गर्ने**

・अपराधिक घटना・
(चोरी ・हिंसा आदि)
・यातायात दुर्घटना



## प्राकृतिक प्रकोप



### भूकम्प



जमिन हल्लिन्छ । भूकम्प कहिले आउँछ थाहा हुँदैन ।
ठूलो भूकम्प जाँदा, भवनहरू ध्वस्त हुन सक्छ र आगलागी हुन सक्छ।



### समुद्री आँधी 'टाइफुन'



आँधीहरू गर्मीदिखि शरद ऋतुसम्म आउँछन्। धेरै वर्षा हुन्छ र हावा धेरै चल्न सक्छ। आँधी-तुफान र भारी वर्षा हुन्छ। सकेसम्म बाहिर र नदी वा नहरको नजिक नजानुहोस्।

### प्रकोप आउँदा के हुन्छ ?



फोन नलाग्ने



बिजुली,पानी र ग्यास नपाउने



रेल बस सेवा बन्द हुने





बजारमा सामान नपाउने

विपत्ति आउनु अघि के गर्ने



**आफूलाई बचाउन तयार गर्ने ।**

विपत्ति पछि के गर्ने



**जानकारी सङ्कलन गर्नुहोस्।**





1 2 3 4 5 6 7

# परामर्श काउन्टर र जापानी भाषा कक्षा
# Consultation Services and Japanese Language Classes

## नबुझेको कुराहरू सोध्नुहोस्

### कावागोएमा परामर्श गर्न

नगर अन्तर्राष्ट्रिय विनिमय केन्द्रमा **नि:शुल्क** परामर्श गर्न सक्नुहुन्छ।

①दैनिक जीवन परामर्श
(चिनियाँ भाषा・भियतनामी भाषा)
②कानूनी परामर्श
③आवासीय भिसा सम्बन्धी परामर्श

परामर्श गर्ने समय हेर्नको लागि हाम्रो वेबसाइट हेर्नुहोस्।



### साईतामामा परामर्श गर्न

**विदेशी परामर्श केन्द्र साईतामा**
048-833-3296

परामर्श 13 भाषाहरूमा उपलब्ध छ।

तपाईले नगरपालिका र अस्पतालहरूमा फोन मार्फत दोभाषे सेवाहरू प्रयोग गर्न सक्नुहुन्छ।



## जापानी भाषा सिक्ने

### जापानी भाषा कक्षामा जाने

नगर अन्तर्राष्ट्रिय विनिमय केन्द्र ,सार्वजनिक हलमा **नि:शुल्क** जापानी कक्षाहरू छन्। आफ्नो घर नजिकैको जापानी भाषा कक्षा खोज्नुहोस्।



### आफै सिक्ने

यो वेबसाइटमा तपाईं जापानी भाषा अध्ययन गर्न सक्नुहुन्छ। भिडियो हेर्नुहोस् र अध्ययन गर्नुहोस्।



日本語学習サイト
つながるひろがるにほんごでのくらし
TSUNAHIRO

# बच्चा हुर्काउने र शिक्षा
# Child Care and Education

## गर्भवती हुँदा



①गर्भावस्थाको सुचना दिने

②नससँग कुरा गर्नुहोस्।

मातृशिशु पुस्तिका प्राप्त गर्नुहोस्।




कावागोए नागरिक सेवा स्टेशन(यू-प्लेस तेस्रो तल्ला)

मातृ तथा शिशु स्वास्थ्य महाशाखा (सामान्य स्वास्थ्य केन्द्र, पहिलो तल्ला)

## बच्चा जन्मे पछि



①नगरपालिकामा जन्म दर्ता गर्नुहोस्। — 14दिन भित्र

②क्षेत्रीय अध्यगमन ब्यूरोमा आवेदन दनुहोस्। — 30दिन भित्र

③दूतावास वा वाणिज्य दूतावासमा रिपोर्ट गर्नुहोस्। — प्रक्रियाहरू देश अनुसार फरक हुन्छन्।

## नर्सरी स्कूल・किन्डरगार्डेन






नर्सरी स्कूल: कामको कारण घरमा आफ्ना छोराछोरीलाई हेर्न असमर्थ अभिभावकहरूको लागि। 0वर्षदेखिको बालबालिकाको हेरचाह गर्छ। नगरपालिकामा आवेदन दिनुहोस्।

किन्डरगार्डेन: 3 वर्षदेखिको बच्चाहरूलाई दिमाग र शरीर स्वस्थ हुन शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने ।

## इलिमेन्टरी स्कूल ・ जुनियर हाई स्कूल





"अन्तर्राष्ट्रिय बालबालिकाका लागि शिक्षासम्बनधि गाइड " मा इलिमेन्टरी स्कूल,जुनियर हाई स्कूलको जीवन बारे लेखिएको छ।

उपलब्ध भाषाहरू जापानी, अंग्रेजी, चिनियाँ, भियतनामी, नेपाली र तागालोग हुन्।

## हाई स्कूल





"हाई स्कूलमा प्रवेश " र " शुल्क " बारे बुझाउने भिडियो र सामग्रीहरू उपलब्ध छन्।

हाई स्कूलमा प्रवेश मार्गदर्शन कार्यक्रमहरू कावागोए वा अन्य क्षेत्रहरूमा उपलब्ध छन्।

1 2 3 4 5 6 7



# फोहर मैला・यातायात
## Garbage and Transportation



## फोहोर सम्बन्धी नियम (फोहरलाई कसरी नष्ट गर्ने)

**1** फोहरलाई किसिम अनुसार छुताउनुहोस्।




**2** बसोबास गर्ने ठाउँ अनुसार र फोहरको किसिम अनुसार फ्याक्ने दिन फरक हुन्छ।



**3** बिहान ८ बजे भित्र तोकिएको स्थानमा राख्नुहोस्



**4** तोकिएको स्थानमा राख्नुहोस् ।



| फोहर छुताउने तरिका | समय तालीका | अपलीकेसन |
|---|---|---|

## ट्राफिक नियम (साइकाल चलाउने तरिकाहरू)

### अधारभुत नियमहरू

साडकको बायाँ छेउमा चलाउनुहोस्।



पैदलयात्रीलाई प्राथमिकता दिनुहोस्।



राती बत्ती बाल्नुहोस्।



हेल्मेट् लागाउनु होस्।



बीमा गर्नुहोस्।




### निषेध गरिएका कुराहारू।

अन्य साइकलहरूको छेउमा साइकल चलाउनु



२ जना बसेर साइकल चलाउनु



छाता ओडेर साइकल चलाउनु



मोबाइल हेर्ने इयरफोन लगाउनु



मदिरा सेवन गरी साइकल चलाउनु



# सामुदायिक गतिविधिहरू
# Community Activities



## नगर अन्तर्राष्ट्रिय विनिमय केन्द्र

क्लासे कावागोएको पाँचौं तल्लामा छ। जापानी कक्षाहरू सोमबार, बिहीबार, शुक्रबार र
शनिबार सञ्चालन गरिन्छ।
तपाईं दैनिक जीवन आदि बारे पनि परामर्श गर्न सक्नुहुन्छ।





## सामुदायिक केन्द्र (कोउमिन्कान)

प्रत्येक स्थानमा सामुदायिक केन्द्र (कोउमिन्कान)छ। सामुदायिक केन्द्रमा मानिसहरू सँगै सिक्न र रमाइलो गर्न भेला हुन्छन्। स्थानीय कार्यक्रमहरू र विभिन्न कुराहरूबारे सिक्न सक्ने पाठ्यक्रमहरू आयोजना गरिन्छ।





## छिमेक संघ (जिचिकाइ)

छिमेक संघ नजिकै बस्ने मानिसहरू मिलेर उज्यालो र बस्न सजिलो शहर बनाउन काम गर्छन्।
【छिमेक संघको काम】



**【रमाइलो】**
चाडपर्व र खेलकुद दिन जस्ता रमाइलो कार्यक्रमहरू आयोजना गर्छ।



**【सूचना】**
कावागोए नगरपालिका,स्कूलबाटको सूचना दिने



**【सफा】**
पार्क र सडकको सरसफाई, फोहोर जम्मा गर्ने ठाउँको व्यवस्थापन




**【सुरक्षा】**
विद्यालय जाने बालबालिकाको निरीक्षण गर्ने , सुरक्षा गस्ती गर्ने।

## पुस्तकालय




कावागोए नगरमा चारवटा पुस्तकालयहरू छन्।
जो कोहीले यसलाई नि: शुल्क प्रयोग गर्न सक्छन्। विभिन्न भाषाहरूमा चित्र पुस्तकहरू पढ्ने कार्यक्रमहरू आयोजना गरिन्छ।



1
2
3
4
5
6
7

# कावागोएको प्रख्यात ठाउँ
# Places to Visit in Kawagoe

## कुरा-जुकुरी घरहरूको दृश्य

एडो कालको अनुभव दिने ऐतिहासिक सहरको दृश्य हो। यहाँको विशेषता कालो प्लास्टर गरिएको पर्खाल र टाइल छत भएको घरहरू हुन्।



तोकिनो काने(समयको घण्टी) कावागोएको प्रतीक हो। घण्टी दिनमा चार पटक बज्छ। काशिया योकोचोमा क्यान्डी पसलहरू लाइनमा छन्।





## कावागोए दरवार र होन्मारु महल

यो एउटा दरवार हो जहाँ दरवारका मालिकले एडो कालमा कामको लागि प्रयोग गरेको ठूलो हल छ। यो दरवार आजको नगरपालिका जस्तै भूमिका निभाउँथ्यो।





## किताइन्

यस मन्दिरको टोकुगावा परिवारसँग गहिरो सम्बन्ध छ। यो यसको धेरै बौद्ध मूर्तिहरू र एडो दरवारबाट सारिएको कोठाका लागि प्रसिद्ध छ।





## कावागोए महोत्सव


यो परम्परागत चाड हो जुन एडो काल देखि जारी छ। यो हरेक वर्ष अक्टोबरमा दुई दिनसम्म मनाइन्छ। भव्य र बाजा सहितको रथहरू शहरमा घुमाइँछ।



## हिकावा मन्दिर

यो मन्दिर म्याचमेकिंग को देवताको रूपमा प्रसिद्ध छ।
प्रेममा सफलताको कामना गर्न धेरै मानिसहरू यहाँ आउने गर्छन्। माछाको आकारमा भाग्य-बताउने चिठ्ठा लोकप्रिय छ।





## कोएडो कावागोए पर्यटन संघ

## पर्यटक नक्सा

## विज्ञापन भिडियो